# लोकतान्त्रिक गैर सरकारी संस्था महासंघ, नेपाल
# Federation of Democratic NGOs-FEDEN, Nepal

केन्द्रीय कार्यालय, भृकुटीमण्डप, काठमाण्डौ नेपाल । फोन नं.: ०१-४२२६०९९, इमेल: feden@fedennepal.org.np

## विज्ञप्ती

यस महासंघ लोकतान्त्रिक मुल्य, मान्यता, मानवअधिकार र सामाजिक न्याएको सिद्धान्त प्रति प्रतिवद्ध गैर सरकारी सामाजिक गैर सरकारी संघसंस्थाहरुको राष्ट्रिय छाता संस्थाको रुपमा वि.सं. २०६३ सालमा राष्ट्रिय निर्देशन ऐन-२०१८ वमोजिम स्थापित यस लोकतान्त्रिक गैर सरकारी संघ महासंघ, फेडन नेपालको यहि २०७० वैषाख १९ र २० गते नेपालको सुन्दर नगरी पोखरामा पश्चिमान्चल क्षेत्रीय भेला भव्यता पुर्वक सुसम्पन्न हुन गईरहेको व्यहोरा हामी सवैलाई अवगत नै छ ।

भेलामा पश्चिमान्चल विकास क्षेत्रका १६ जिल्लावाट हरेक जिल्लाशाखामा आवद्ध ५ सदस्य संस्था वरावर एक जनाको दरले १०० जना जिल्ला शाखा प्रतिनिधीहरुको सहभागिता रहने अपेक्षा गरिएको र सो का लागि सवै जिल्ला शाखाहरुलाई सुचना सम्प्रेषण भई सकेको छ । कुनै जिल्ला शाखामा प्रतिनिधी छनौट कार्य वाँही भए यहि विज्ञप्ती मार्फत जिल्ला शाखाको वैठक वसी प्रतिनिधी छनौट गरी क्षेत्रीय भेलामा सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौं ।

उक्त दुई दिने क्षेत्रीय भेलाको विस्तृत कार्यक्रम तपशिल वमोजिम निर्धारण गरिएको व्यहोरा समेत जानकारी गराउँदछौं:-

**क) कार्यक्रम मितिः** २०७० वैषाख १९ र २० गते,

**ख) स्थान र सयमः**

| | |
|---|---|
| **१) उद्घाटना समारोह** | : जिल्ला विकास समिति कास्कीको सभाहल, |
| **सयम** | : दिनको ठिक १:०० वजे देखि ३ वजेसम्म, |
| **२) कार्यशाला** | : क्षेत्रीय स्वास्थ्य तालिम केन्द्र, रामघाट, पोखरा |
| | : अपरान्ह ४:० वजे देखि ९:० वजेसम्म (पहिलो दिन) |
| | : विहान ८:० वजे देखि अपरान्ह ४:० वजेसम्म (दोश्रो दिन) |

साथै यसै क्षेत्रीय भेलाको अवसरमा नै १९ गते वेलुका केन्द्रीय समितिको वैठक पोखरामा आयोजना गरिएको र सो को स्थानीय व्यवस्थापन भै सकेको सन्दर्भमा केन्द्रीय समितिका अध्यक्षज्यू लगयात सम्पुर्ण पदाधिकारीज्यूहरुलाई माथि उल्लेखित कार्यक्रम अनुसार भेलाको उद्घाटन समारोहमा आतिथ्यता ग्रहणका लागि समेत हार्दिक निमन्त्रणा गर्दछौं ।

क्षेत्रीय भेलाको पुर्ण सफलताको लागि यहाँहरु सवैको सहयोगको अपेक्षा गर्दछौं । धन्यवाद ।

(विश्व प्रकाश प्रसाई)
सचिव-फेडेन नेपाल
केन्द्रिय समिति एवम् पश्चिमान्चल
क्षेत्रीय इन्चार्ज, सम्पर्क: ९८५७६३००६०

दिनाङ्कः १२ वैषाख, २०७०/पोखरा